(४) उपदफा (३) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जॉचबुझ गर्नेछ र जॉचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मुनासिव देखिएमा माग बमोजिम विद्यालय संचालन तोकिए बमोजिम अनुमति तथा स्वीकृति दिनेछ ।

(५) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा संचालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन्।

(क) सरकारी वा सार्वजनिक भवनमा संचालन भएमा विद्यालय,

(ख) सरकारी वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्ता जग्गामा भवन बनाई संचालन भएका विद्यालय ।

(६) यस ऐन वा अन्य प्रचिलत कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अर्न्तगत विद्यालय संचालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी संचालक (ट्रष्टी) संगठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजानिक गुठी भए कम्तीमा पॉचजना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्छ ।

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने ,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तै उत्तराधिकारी तोक्दा गाउॅपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय संचालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

(९) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासॅग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन। तर नेपाल सरकारसॅग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई गाउॅ पालिका अनुमति दिन सक्नेछ। यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकाले जुनसुकै बेला बन्द गर्न सक्नेछ।

(१०) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(११) दुई विद्यालय बीचको दुरी तोकिए बामोजिम हुनेछ ।

**(४) परीक्षा संचालन र समन्वय :-**

गाउॅ पालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न तोकिए बमोजिको परीक्षा समन्वय सांचालन तथा व्यस्थपन समिति र अनुगमनको संयोजक रहने छन् । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बामेजिम हुनेछ ।

**(५) माध्यमिक शिक्षको प्रकारः-**

मध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन :-

(क) साधारण माध्यमिक शिक्षा ,

(ख) संस्कृति माध्यमिक शिक्षा,

(ग) प्राविधि तथा व्यवसायिक माध्यमिक शिक्षा ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष